# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**चौरजहारी, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

०८४-४११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


पत्र संख्या : २०८१/०८२
च.नं. :

मिति : २०८२/०१/१५
ने.सं.. ११४५ बछलाथ्व पारू

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना !**

**श्री जो जससँग सम्बन्धित छ ।**

उपर्युक्त विषयमा रूकुम (पश्चिम) जिल्ला, चौरजहारी नगरपालिका क्षेत्रभित्र सञ्चालित श्री माध्यमिक विद्यालय कोटजहारी, चौरजहारी नगरपालिका - ७ रूकुम (पश्चिम) मा मिति २०८२/०२/०३ गते देखि रिक्त रहने माध्यमिक तह, तृतीय श्रेणी, विज्ञान विषयको शिक्षक पदमा सरुवाको प्रकिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. १७०, मिति २०८२/०१/०७ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची - १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्च :**

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना mavikotjahari2016@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुनेछैन ।

**बोधार्थ**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, रूकुम (पश्चिम) ।
श्री माध्यमिक विद्यालय कोटजहारी, चौ.न.पा.- ७ रूकुम (पश्चिम) ।

२०८२/०१/१५

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत